अब मात्र रु. ३,००० मा ना.सु. + खरिदार प्रथम पत्रको तयारी कक्षा परीक्षा नहुन्जेल सम्मको लागि गुरुमन्त्र एकेडेमीमा

# नेपालको भूगोल बाट हाल सम्म लोक सेवा तथा शिक्षक सेवा आयोगका विगतका परीक्षामा सोधिएका 185 विशेष प्रश्नोत्तर

**१. नेपालको प्रमाणिक समय ग्रीनवीच मानक समयभन्दा कति छिटो रहेको छ ?**

A. ५ घण्टा ४५ मिनेट B. ५ घण्टा ५५ मिनेट C. ५ घण्टा ५६ मिनेट D. ५ घण्टा ४६ मिनेट

**उत्तर : A. ५ घण्टा ४५ मिनेट** *(सोधिएको : अधिकृत क्याडेट, २०७८/७/२९)*

**२. नेपालको उत्तर दक्षिण सरदर चौडाइ कति कि.मि. रहेको छ ?**

A. २४३ कि.मि. B. ८८५ कि.मि. C. १९३ कि.मि. D. १४५ कि.मि.

**उत्तर : C. १९३ कि.मि.** *(सोधिएको : नायब सुब्बा, २०७१)*

**३. नेपालको प्रमाणिक समय तलका मध्ये कुन देशान्तरले निर्धारण गर्दछ ?**

A. ८३°१५' B. ८६°१५' C. ८५°१५' D. ८४°१५'

**उत्तर : B. ८६°१५'** *(सोधिएको : अधिकृत क्याडेट, २०७८/७/२९)*

**४. नेपालको सबैभन्दा उत्तरी विन्दु कुन जिल्लामा पर्छ ?**

A. मुस्ताङ B. हुम्ला C. गोरखा D. दार्चुला

**उत्तर : B. हुम्ला** *(सोधिएको : रा.वा.बैं. चौथो, २०७९/२/१४)*

**५. चीन र भारत दुवै देशलाई छुने नेपालका दुई जिल्ला कुन कुन हुन् ?**

A. २ B. ३ C. ४ D. ५

**उत्तर : ताप्लेजुङ र दार्चुला** *(सोधिएको : शाखा अधिकृत, २०७२)*

**६. नेपालको सबैभन्दा पूर्वी विन्दु ८८°१२' पूर्वी देशान्तरलाई मानिन्छ, उक्त देशान्तरले छोएको जिल्ला कुन हो ?**

A. ताप्लेजुङ B. पाँचथर C. इलाम D. झापा

**उत्तर : A. ताप्लेजुङ** *(सोधिएको : कृषि विकास बैंक लिमिटेड, व्यवसाय सहायक, २०७९/१/२)*

**७. नेपालले एसिया महादेशको कति प्रतिशत भू-भाग ओगटेको छ ?**

A. ०.००३ B. ०.०३ C. ०.३ D. ३.०

**उत्तर : C. ०.३** *(सोधिएको : ने.कृषि.अ.प. सहायक पाँचौं, २०८०/८/१६)*

**८. चीनले मात्र छोएको नेपालको कुन प्रदेश हो ?**

A. कर्णाली B. गण्डकी C. कोशी D. बागमती

**उत्तर : A. कर्णाली** *(सोधिएको : मधेश पाँचौं, २०८०/८/१६)*

**९. ताप्लेजुङ जिल्लामा रहेको नेपालको सबैभन्दा पूर्वी विन्दुले ...... डिग्री ......... मिनेट देशान्तर रेखालाई छुन्छ ।**

A. ८०, १२ B. ८०, २२ C. ८८, २७ D. ८८, १२

**उत्तर : D. ८८, १२** *(सोधिएको : नेपाल खाद्य संस्थान, पाँचौं, २०७५।९।६)*

**१०. नेपालमा कुन हिमाललाई आधार मानी प्रामाणिक समय निर्धारण गरिएको छ ?**

A. सगरमाथा B. जुगल हिमाल C. गौरीशंकर हिमाल D. धौलागिरी

**उत्तर : C. गौरीशंकर हिमाल** *(सोधिएको : खरिदार २०७०)*

**११. नेपालको क्षेत्रफल कति वर्गमाइल छ ?**

A. १, ४७, १८१ B. ५२,८६७ C. ५८,६२७ D. ५६,८२७

**उत्तर : D. ५६,८२७** *(सोधिएको : शाखा अधिकृत, २०७५)*

**१२. नेपाल चीनभन्दा कति गुणा सानो छ ?**

A. २२ गुणा B. ६५ गुणा C. १२२ गुणा D. १६५ गुणा

**उत्तर : B. ६५ गुणा** *(सोधिएको : खरिदार २०६९)*

**१३. नेपाल समुद्र सतहबाट कति टाढाको दूरीमा रहेको छ ?**

A. ९२७ कि.मि. B. १०२७ कि.मि. C. ११२७ कि.मि. D. १२२७ कि.मि.

**उत्तर : C. ११२७ कि.मि.** *(सोधिएको : ने.वा.नि. चौथो, २०७६।२।११)*

**१४. नेपालको पूर्व सीमा देखि पश्चिम सीमासम्मको लम्बाई कति रहेको छ ?**

A. ८८५ कि.मि. B. ९९३ कि.मि. C. ९३९ कि.मि. D. ५८८ कि.मि.

**उत्तर : A. ८८५ कि.मि.** *(सोधिएको : कोशी, सहायक म.वि.नि. २०८०।९।२९)*

**१५. प्रामाणिक समय तलका मध्ये कुन रेखालाई आधार मानी निर्धारण गरिन्छ ?**

A. अक्षांश रेखा B. देशान्तर रेखा C. भूमध्य रेखा D. अन्तर्राष्ट्रिय तिथि रेखा

**उत्तर : B. देशान्तर रेखा** *(सोधिएको : CTEVT, सहायक प्रथम, २०७९।६।१)*

**१६. नेपालका भारतसँगमात्र सिमाना जोडिने प्रदेशहरू कति वटा रहेका छन् ?**

A. ७ B. ५ C. ४ D. २

**उत्तर : D. २** *(सोधिएको : कृषि वि.बैं.लि. चौथो, लेखपाल, २०८०।११।१५)*

**१७. भारतसँग मात्र सिमाना जोडिएका नेपालका कतिवटा जिल्लाहरू छन् ?**

A. २५ B. ३६ C. २४ D. ३०

**उत्तर : २५** *(सोधिएको : अधिकृत क्याडेट, २०७९।१२।२३)*

**१८. चीन र भारत दुवै देशलाई छुने नेपालका जिल्ला कति वटा छन् ?**

A. २ B. ३ C. ४ D. ५

**उत्तर : A. २** *(सोधिएको : अधिकृत क्याडेट, २०८०।२।११)*

**१९. नेपालले एसिया महादेशको कति प्रतिशत भूभाग ओगटेको छ ?**

A. ०.३ % B. ०.०३ % C. ०.००३ % D. ३%

**उत्तर : A. ०.३ %** *(सोधिएको : कोशी पाँचौँ ल्याब टेक्निसियन, २०७९।११।२०)*

**२०. चीन र भारत दुवै देशलाई छुने नेपालका कुन कुन जिल्लाहरू हुन् ?**

A. ताप्लेजुङ र डडेलधुरा B. दार्चुला र इलाम C. ताप्लेजुङ र दार्चुला D. झापा र दार्चुला

**उत्तर : C. ताप्लेजुङ र दार्चुला** *(सोधिएको : खरिदार, २०७६)*

**२१. तलका मध्ये कुन जिल्लाको सिमानाले चीन र भारतको सिमानालाई छुन्छ ?**

A. हुम्ला B. पाँचथर C. दार्चुला D. इलाम

**उत्तर : C. दार्चुला** *(सोधिएको : अधिकृत क्याडेट, २०७८।१२।२१)*

**२२. तलका मध्ये चीनसँग सिमाना नजोडिएको जिल्ला कुन हो ?**

A. सिन्धुपाल्चोक B. दोलखा C. पर्वत D. बझाङ

**उत्तर : C. पर्वत** *(सोधिएको : कोशी, सहायक, मा.वि.नि. २०८०।३।९)*

**२३. नेपालमा कतिवटा जिल्लाले चीन र भारतलाई छोएका छैनन् ?**

A. १३ वटा B. २५ वटा C. ३६ वटा D. ३७ वटा

**उत्तर : D. ३७ वटा** *(सोधिएको : खरिदार २०७२)*

**२४. प्राय: नक्साको स्केल केमा व्यक्त गरिन्छ ?**

A. शब्द B. लाइन C. मेट्रिक्स D. रेसियो

**उत्तर : D. रेसियो** *(सोधिएको : ज.उ. तथा प्र.क.लि. चौथो, २०८०।२।२३)*

२५. "No Man's Land" भन्नाले के बुझिन्छ ?

A. मरूभूमि B. मानिस बस्न मिल्ने जमिन

C. दैवी/प्राकृतिक प्रकोपको कारणले बसोबास स्थानान्तरण गर्नुपर्ने बस्ती D. दुई देशबीचको सीमानाको जमिन

**उत्तर : D. दुई देशबीचको सीमानाको जमिन** *(सोधिएको : रासस, पाँचौँ, २०७८।११।२०)*

**२६. नेपालको भौगोलिक विभाजन कुन आधारमा गर्न सकिँदैन ?**

A. ऋतु B. भू-धरातल C. नदी प्रणाली D. हावापानी

**उत्तर : A. ऋतु** *(सोधिएको : अधिकृत क्याडेट, २०७१।३।२३)*

**२७. धरातलीय दृष्टिकोणले नेपाल कति प्रदेशमा विभाजित छ ?**

A. पाँच B. तीन C. सात D. चौध

**उत्तर : B. तीन** *(सोधिएको : ना.सु. समावेशी, २०६९)*

**२८. भौगोलिक हिसाबले नेपाललाई कति भागमा बाँडिएको छ ?**

A. ३ B. ४ C. ५ D. ६

**उत्तर : A. ३** *(सोधिएको : ने.विद्युत प्रा.पाँचौं, सुपरभाइजर, २०८०।१।२३)*

**२९. तराई प्रदेशले नेपालको कति प्रतिशत भू-भाग ओगटेको छ ?**

A. १५ प्रतिशत B. १७ प्रतिशत C. ५० प्रतिशत D. ६८ प्रतिशत

**उत्तर : A. १५ प्रतिशत** *(सोधिएको : खरिदार २०६८, खुला)*

**३०. नेपालको कुल क्षेत्रफलको कति प्रतिशत भाग तराई प्रदेशले ओगटेको छ ?**

A. १५ प्रतिशत B. १६ प्रतिशत C. १७ प्रतिशत D. १८ प्रतिशत

**उत्तर : C. १७ प्रतिशत** *(सोधिएको : नायब सुब्बा, २०७०)*

**३१. नेपालको पहाडी प्रदेशले कति प्रतिशत भू-भाग ओगटेको छ ?**

A. ६२ B. ६४ C. ६६ D. ६८

**उत्तर : D. ६८** *(सोधिएको : नायब सुब्बा, २०७२।११।२२)*

**३२. नेपालको कुल क्षेत्रफलको कति प्रतिशत भू-भाग हिमाली प्रदेशले ओगटेको छ ?**

A. १५ B. १७ C. २० D. ६८

**उत्तर : A. १५** *(सोधिएको : ने.विद्युत प्रा. चौथो, फोरमेन, २०८०।१।२१)*

**३३. तराई प्रदेश भनेर कति मिटर उचाइसम्मको भूभागलाई चिनिन्छ ?**

A. समुन्द्री सतहबाट ५९ मिटरसम्म B. समुन्द्री सतहबाट ६०० मिटरसम्म

C. समुन्द्री सतहबाट १२०० मिटरसम्म D. समुन्द्री सतहबाट ५००० मिटरसम्म

**उत्तर : B. समुन्द्री सतहबाट ६०० मिटरसम्म** *(सोधिएको : नेपाल आयल निगम पाँचौं (सिभिल), २०७९।१०।२७)*

**३४. भॉवर प्रदेश कहाँ पर्दछ ?**

A. तराईको दक्षिण
B. चुरे पर्वतको दक्षिण
C. महाभारत पर्वतको उत्तर
D. महाभारत पर्वत र हिमालय पर्वतको बीच

**उत्तर : B. चुरे पर्वतको दक्षिण** *(सोधिएको : अधिकृत क्याडेट, २०८०।२।११)*

**३५. भावर प्रदेशले नेपालको कुल भू-भागको कति प्रतिशत क्षेत्रफल ओगटेको छ ?**

A. २.५ %
B. ३.५%
C. ४.५%
D. ५.५%

**उत्तर : C. ४.५%** *(सोधिएको : कर्णाली पाँचौं, २०७९।१।१७)*

**३६. भित्री मधेश भन्नाले तलका मध्ये कुनलाई जनाउँछ ?**

A. खास तराईको उत्तर चुरे पर्वतश्रेणीको तलको भाग
B. चुरे र महाभारत पर्वतश्रेणीको बीचको भाग
C. हिमालय पर्वत र महाभारत पर्वत बीचको भाग
D. खास तराई क्षेत्रको समतल भाग

**उत्तर : B. चुरे र महाभारत पर्वतश्रेणीको बीचको भाग** *(सोधिएको : रा.वा.बैंक चौथो, २०८०।१।२७)*

**३७. भित्री मधेशमा नेपालको .............. प्रतिशत भू-भाग पर्दछ ?**

A. ७.५
B. ८
C. ८.५
D. ९

**उत्तर : C. ८.५** *(सोधिएको : नेपाल खाद्य संस्थान, चौथो, २०७५।५।२२)*

**३८. भित्री मधेशले नेपालको कुल क्षेत्रफलको कति प्रतिशत भू-भाग समेटेको छ ?**

A. ५.५ %
B. ७.५ %
C. ९.५ %
D. माथिको कुनै होइन

**उत्तर : C. ९.५ %** *(सोधिएको : नेपाल राष्ट्र बैंक सहायक द्वितीय, २०७५।११।४)*

**३९. तलकामध्ये कुन जिल्ला भित्री मधेशमा पर्दैन ?**

A. उदयपुर
B. सिन्धुली
C. मकवानपुर
D. सुनसरी

**उत्तर : D. सुनसरी** *(सोधिएको : खरिदार आ.प्र. २०७९।८।२५)*

**४०. पहाडी प्रदेशको भौगोलिक विभाजनमा तल दिइएका मध्ये कुन क्षेत्र पर्दैन ?**

A. चुरे पर्वत श्रेणी
B. महाभारत श्रेणी
C. उच्च पहाडी श्रेणी
D. मध्यभूमि श्रेणी

**उत्तर : C. उच्च पहाडी श्रेणी** *(सोधिएको : नेपाल टेलिकम चौथो, टेक्निसियन, २०८०।४।१६)*

**४१. बाह्य हिमालय (Outer Himalaya) को नामबाट पहिचान बनाइएको पर्वतमाला कुन हो ?**

A. महाभारत श्रेणी
B. मुख्य हिमालय पर्वत श्रेणी
C. शिवालिक लेक
D. सीमान्त हिमाली श्रेणी

**उत्तर : C. शिवालिक लेक** *(सोधिएको : मा.वि. शिक्षक २०७९)*

**४२. शिवालिक पर्वत श्रृंखला निम्न मध्ये कुन स्थानमा रहेको छ ?**

A. तराई B. तराई र भित्री मधेशको बीचमा C. हिमाल D. भित्री मधेश र हिमालको बीचमा

**उत्तर : B. तराई र भित्री मधेशको बीचमा** *(सोधिएको : मधेश पाँचौं, २०८०।८।१६)*

**४३. शिवालिक क्षेत्रले मुलुकको कुल क्षेत्रफलको कति प्रतिशत भूभाग ओगटेको छ ?**

A. १२.७ B. १७ C. २५ D. २९.५

**उत्तर : A. १२.७** *(सोधिएको : रेडियो नेपाल, पाँचौं, २०७८।१२।२२)*

**४४. कोशी नदीभन्दा पूर्वको चुरेक्षेत्रलाई के भनिन्छ ?**

A. राजारानी B. चुलाचुली C. झिलमिला D. सैलुङ

**उत्तर : B. चुलाचुली** *(सोधिएको : ने.विद्युत प्रा. पाँचौं, सुपरभाइजर, २०८०।९।२३)*

**४५. नेपालको चुरे पर्वतको सर्वोच्च चुचुरो कुन हो ?**

A. सैलुङ B. ट्याम्के डाँडा C. गार्वा D. फुलचोकी

**उत्तर : C. गार्वा** *(सोधिएको : नायब सुब्बा, २०७२)*

**४६. चुरे पहाडको अधिकतम (Maximum) उचाइ कति रहेको छ ?**

A. १८७२ मि. B. १८३६ मि. C. १८६३ मि. D. १६३८ मि.

**उत्तर : A. १८७२ मि.** *(सोधिएको : कोशी, सहायक म.वि.नि. २०८०।६।१)*

**४७. नेपालको चुरे पर्वतश्रेणीको सबैभन्दा अग्लो भाग गार्वा कुन जिल्लामा पर्छ ?**

A. कैलाली B. डोटी C. उदयपुर D. दाङ

**उत्तर : A. कैलाली** *(सोधिएको : CTEVT, सहायक प्रथम, २०७९।६।१)*

**४८. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम कति वटा जिल्लामा फैलिएको छ ?**

A. २५ B. २७ C. ३१ D. ४१

**उत्तर : C. ३१** *(सोधिएको : रासस, चौथो, २०८०।५।२८)*

**४९. होचो हिमालयको नामले चिनिने पर्वत श्रेणी तलको मध्ये कुन हो ?**

A. महाभारत श्रेणी B. मध्यभूमि श्रेणी C. चुरे पर्वत श्रेणी D. पहाडी श्रेणी

**उत्तर : A. महाभारत श्रेणी** *(सोधिएको : अधिकृत क्याडेट, २०७८।९।२९)*

**५०. महाभारत पर्वतमालाको सर्वोच्च शिखर कुन हो ?**

A. ट्याम्के डाँडा B. गार्वा C. फुलचोकी D. सैलुङ

**उत्तर : D. सैलुङ** *(सोधिएको : नेपाल टेलिकम, जुनियर टेक्निसियन, २०८०।४।१०)*

**५१. काठमाडौँ उपत्यकाको उचाइ कति छ ?**

A. १२२६ मिटर B. १२७८ मिटर C. १३३७ मिटर D. १३६५ मिटर

**उत्तर : C. १३३७ मिटर** *(सोधिएको : अधिकृत क्याडेट, २०८०।२।११)*

**५२. हिमाली प्रदेशलाई तलका मध्ये कुन भागमा विभाजन गरिएको छैन ?**

A. मुख्य हिमालय B. महाभारत हिमालय C. भित्री हिमालय D. सीमान्त हिमालय

**उत्तर : B. महाभारत हिमालय** *(सोधिएको : सुदूरपश्चिम पाँचौँ, २०७९।११।२३)*

**५३. विश्वका १४ सर्वोच्च शिखरहरूमध्ये नेपालमा कति वटा शिखरहरू रहेका छन् ?**

A. ६ B. ७ C. ८ D. ९

**उत्तर : C. ८** *(सोधिएको : नेपाल टेलिकम चौथो, टेक्निसियन, २०७९।३।१४)*

**५४. तलका मध्ये कुन हिमालयको उचाइ सबैभन्दा बढी रहेको छ ?**

A. माछापुच्छ्रे B. अपी C. सैपाल D. जुगल

**उत्तर : B. अपी** *(सोधिएको : सहिद गंगालाल रा.ह.के. पाँचौँ, २०७९।६।३)*

**५५. नेपालका ८००० मिटरभन्दा अग्ला हिमालहरूको उचाइको आधारमा बढीदेखि घटी उचाइको सही क्रम कुन हो ?**

A. मकालु, चोयु, धवलागिरी, मनास्लु, अन्नपूर्ण B. मकालु, धवलागिरी, चोयु, मनास्लु, अन्नपूर्ण

C. चोयु, मकालु, मनास्लु, धवलागिरी, अन्नपूर्ण D. धवलागिरी, मकालु, चोयु, अन्नपूर्ण, मनास्लु

**उत्तर : A. मकालु, चोयु, धवलागिरी, मनास्लु, अन्नपूर्ण** *(सोधिएको : कृषि वि.बैं.लि. चौथो, लेखापाल, २०७९।९।९)*

**५६. उचाइको आधारमा अग्लोदेखि होचो क्रममा मिलाउनुहोस् :**

i. लोत्से ii. मनास्लु iii. मकालु iv. चोयु

A. i, iii, iv, ii B. i, ii, iv, iii C. i, ii, iii, iv D. i, iii, ii, iv

**उत्तर : A. i, iii, iv, ii** *(सोधिएको : बीमा समिति, सहायक प्रथम, २०७९।३।१२)*

**५७. तलका हिमालहरू उचाइका आधारमा घट्दो क्रममा कुन सही हो ?**

A. कञ्चनजङ्घा, ल्होत्से, मकालु, चोयु, मनास्लु B. कञ्चनजङ्घा, मकालु, ल्होत्से, चोयु, मनास्लु

C. कञ्चनजङ्घा, ल्होत्से, मकालु, मनास्लु, चोयु D. कञ्चनजङ्घा, ल्होत्से, मनास्लु, मकालु, चोयु

**उत्तर : A. कञ्चनजङ्घा, ल्होत्से, मकालु, चोयु, मनास्लु** *(सोधिएको : नायब सुब्बा, २०७८।४।३०)*

**५८. तल उल्लेख भएका हिमालहरूमध्ये अग्लोदेखि होचोको सही क्रम कुन हो ?**

A. मकालु, चोयु, धवलागिरी, मनास्लु B. धवलागिरी, चोयु, मनास्लु, मकालु

C. मनास्लु, धवलागिरी, चोयु, मकालु D. चोयु, मकालु, धवलागिरी, मनास्लु

**उत्तर : A. मकालु, चोयु, धवलागिरी, मनास्लु** *(सोधिएको : CTEVT, शाखा अधिकृत, २०७९।६।३)*

**५९. निम्न हिम शिखरहरूको उचाइको आधारमा सानोबाट ठूलोको क्रम कुन सही छ ?**

A. अपी–मनास्लु–धौलागिरी–मकालु B. अपी–मनास्लु–मकालु–धौलागिरी

C. मनास्लु– अपी– मकालु– धौलागिरी D. मकालु–धौलागिरी–मनास्लु–अपी

**उत्तर : A. अपी–मनास्लु–धौलागिरी–मकालु** *(सोधिएको : नेपाल आयल निगम, पाँचौं, २०७९।१०।२५)*

**६०. नेपालमा ८५०० मिटरभन्दा बढी उचाइ भएका हिमशिखर कतिवटा छन् ?**

A. २ B. ३ C. ४ D. ५

**उत्तर : A. २** *(सोधिएको : खरिदार, २०६८, समावेशी)*

**६१. ८५०० मिटरभन्दा अग्ला हिमाल नेपालमा कतिवटा छन् ?**

A. २ वटा B. ३ वटा C. ४ वटा D. ५ वटा

**उत्तर : B. ३ वटा** *(सोधिएको : नायब सुब्बा, २०७२)*

**६२. नेपालमा रहेका ८००० मि. भन्दा अग्ला हिमालमध्ये तेस्रो अग्लो हिमाल कुन हो ?**

A. सगरमाथा B. धवलागिरी C. अन्नपूर्ण D. ल्होत्से

**उत्तर : D. ल्होत्से** *(सोधिएको : ने.बैं.लि. कनिष्ठ सहायक, २०७९।५।१७)*

**६३. निम्नलिखित हिमालहरू बारे विचार गर्नुहोस् : (खरिदार २०७०)**

१. कञ्चनजङ्घा २. ल्होत्से ३. मकालु ४. अन्नपूर्ण ५. मनास्लु ६. धौलागिरी

हिमालहरूको अवस्थितिका आधारमा पूर्वदेखि पश्चिमको क्रममा मिलाएर राख्दा तलकामध्ये कुन क्रम सही हो ?

A. 1-2-3-5-4-6 B. 1-3-2-4-5-6 C. 1-3-2-5-4-6 D. 1-2-5-3-4-6

**उत्तर : C. 1-3-2-5-4-6** *(सोधिएको : खरिदार २०७०)*

**६४. विश्वको सर्वोच्च शिखर सगरमाथा कुन हिमश्रृङ्खलामा पर्दछ ?**

A. अन्नपूर्ण B. कञ्चनजङ्घा C. लाङटाङ D. महालङ्गुर

**उत्तर : D. महालङ्गुर** *(सोधिएको : रेडियो नेपाल पाँचौं, २०७८।१२।२२)*

**६५. विश्वको सर्वोच्च शिखर सगरमाथा सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको कति नम्बर वडामा पर्दछ ?**

A. १ B. २ C. ३ D. ४

**उत्तर : D. ४** *(सोधिएको : कोशी चौथो, २०८०।३।२)*

**६६. सगरमाथाको प्रवेशद्वार भनेर कुन ठाउँलाई चिनिन्छ ?**

A. नाम्चे बजार B. लुक्ला C. मानेभञ्ज्याङ D. माथिका कुनै पनि होइनन्

**उत्तर : A. नाम्चे बजार** *(सोधिएको : सशस्त्र, प्र.स.नि, २०८०।१।१६)*

**६७. सोलुखुम्बुको 'कालापत्थर' समुद्र सतहदेखि कति उचाइमा पर्दछ ?**

A. ५६४४ मि. B. ५६५४ मि. C. ५६६४ मि. D. ५६७४ मि.

**उत्तर : A. ५६४४ मि.** *(सोधिएको : कोशी पाँचौँ, २०८०।३।१६)*

**६८. सगरमाथा आरोहण गर्ने प्रथम महिला को हुन् ?**

A. बेचेन्द्री पाल B. जुन्को तावेई C. कुमारी पान्तोङ्ग D. पासाङ ल्हामु शेर्पा

**उत्तर : B. जुन्को तावेई** *(सोधिएको : कोशी चौथो, आ.प्र. २०७९।५।३१)*

**६९. पासाङ ल्हामु शेर्पाले सगरमाथा आरोहण कहिले गरेकी थिइन् ?**

A. वि.सं २०५२ वैशाख १० गते B. वि.सं २०५० वैशाख १० गते

C. वि.सं २०५१ वैशाख १० गते D. वि.सं २०४९ वैशाख १० गते

**उत्तर : B. वि.सं २०५० वैशाख १० गते** *(सोधिएको : ने.बैं.लि. कनिष्ठ, सहायक, २०७९।५।१७)*

**७०. ल्होत्से हिमालको उचाइ कति छ ?**

A. ८४६३ मिटर B. ८५१६ मिटर C. ८५८६ मिटर D. ८१६७ मिटर

**उत्तर : B. ८५१६ मिटर** *(सोधिएको : नायब सुब्बा, २०७२)*

**७१. प्रसिद्ध हिमाल मकालुको उचाइ कति रहेको छ ?**

A. ८५८६ मि. B. ८४६३ मि. C. ८४७२ मि. D. ८१६७ मि.

**उत्तर : B. ८४६३ मि.** *(सोधिएको : कोशी पाँचौँ, २०७८।१२।२६)*

**७२. "Goddess Mother of the World" भन्नाले के लाई जनाउँछ ?**

A. पशुपतिनाथ B. हरिद्वार C. मुक्तिनाथ D. सगरमाथा

**उत्तर : D. सगरमाथा** *(सोधिएको : रासस, पाँचौँ, २०७८।११।२०)*

**७३. "पाँच चुलीको हिमाल" भन्नाले कुन हिमाललाई जनाउँछ ?**

A. कञ्चनजङ्घा B. पासाङ ल्हामु हिमाल C. मनास्लु D. अमादब्लम

**उत्तर : A. कञ्चनजङ्घा** *(सोधिएको : लुम्बिनी चौथो २०७९।१०।१४)*

७४. ६ चुलीको हिमाल भनेर कुन हिमाललाई चिनिन्छ ?

A. गणेश हिमाल B. माछापुछ्रे हिमाल C. लामटाङ D. धौलागिरी हिमाल

**उत्तर : D. धौलागिरी हिमाल** *(सोधिएको : बागमती पाँचौँ, २०७९।११।२७)*

७५. नेपालको कुन हिमाललाई सेतो हिमाल भनिन्छ ?

A. सगरमाथा B. मर्दी C. कञ्चनजंघा D. धौलागिरी

**उत्तर : D. धौलागिरी** *(सोधिएको : कृषि वि.बैं.लि. पाँचौ, व्यवसाय सहायक, २०८०।१।८)*

७६. नेपालको कुन हिमाललाई किलर माउन्टेनको नामले पनि चिनिन्छ ?

A. कञ्चनजंघा B. मनास्लु C. मकालु D. माछापुच्छ्रे

**उत्तर : B. मनास्लु** *(सोधिएको : सशस्त्र प्रहरी निरीक्षक, २०७९।८।९)*

७७. नेपालको कुन चुचुरोलाई 'महिला शिखर (Ladies Peak)' भनेर पनि चिनिन्छ ?

A. गिमगेला B. आमादब्लम C. पुमोरी D. मकालु

**उत्तर : B. आमादब्लम** *(सोधिएको : बीमा समिति, सहायक प्रथम २०७९।३।१२)*

७८. ल्होत्से हिमाल कुन हिमश्रृङ्खलामा पर्दछ ?

A. कञ्चनजंघा B. खुम्बु C. अन्नपूर्ण D. कुम्भकर्ण

**उत्तर : B. खुम्बु** *(सोधिएको : नेपाल खाद्य संस्थान, चौथो, २०७५।९।२२)*

७९. ८,१६३ मी. उचाइ भएको मनास्लु हिमाल कुन हिमश्रृङ्खलामा पर्दछ ?

A. अन्नपूर्ण B. लाङटाङ C. धौलागिरी D. गणेश

**उत्तर : D. गणेश** *(सोधिएको : मा.वि. शिक्षक २०७९)*

८०. माछापुच्छ्रे हिमाल कुन हिमश्रृङ्खलामा पर्दछ ?

A. अन्नपूर्ण B. धौलागिरी C. गौतम D. माथिका कुनै होइन

**उत्तर : A. अन्नपूर्ण** *(सोधिएको : खरिदार आ.प्र. २०७९।९।२९)*

८१. निलगिरी हिमाल कुन हिमश्रृङ्खलामा पर्दछ ?

A. मनसिरी B. खुम्बु C. निलगिरी D. अन्नपूर्ण

**उत्तर : C. निलगिरी** *(सोधिएको : ना.सु. खुला, २०६९)*

८२. भैरवा टाकुरा पनि भनिने जुगल हिमाल कुन जिल्लामा अवस्थित छ ?

A. डोल्पा B. मुस्ताङ C. सोलुखुम्बु D. सिन्धुपाल्चोक

**उत्तर : D. सिन्धुपाल्चोक** *(सोधिएको : औ.क्षे.व्य.लि. चौथो, अ.स.ई. २०७९।९।२)*

८३. अरनिको हिमाल कुन जिल्लामा पर्दछ ?

A. दोलखा B. सिन्धुपाल्चोक C. डोल्पा D. हुम्ला

**उत्तर : C. डोल्पा** *(सोधिएको : सशस्त्र प्रहरी निरीक्षक, २०८०।१।४)*

८४. जेठी बहुरानी हिमाल कुन जिल्लामा रहेको छ ?

A. बझाङ B. दार्चुला C. हुम्ला D. बाजुरा

**उत्तर : B. दार्चुला** *(सोधिएको : नेपाल राष्ट्र बैंक, सहायक द्वितीय, २०७९।२।३)*

८५. सिंहलिला पर्वत कुन जिल्लामा पर्दछ ?

A. रसुवा B. गोरखा C. मुस्ताङ D. ताप्लेजुङ

**उत्तर : D. ताप्लेजुङ** *(सोधिएको : नेपाल टेलिकम, चौथो, टेक्निसियन, २०७९।३।१४)*

८६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नेपालको पहाडी भागमा कतिवटा जिल्लाहरू समावेश गरिएको छ ?

A. २० B. २८ C. ३० D. माथिको कुनै होइन

**उत्तर : B. २८** *(सोधिएको : नेपाल खाद्य संस्थान, चौथो, २०७५।९।२३)*

८७. नेपालको हिमाली प्रदेशमा कतिवटा जिल्ला रहेका छन् ?

A. १९ B. २० C. २१ D. २२

**उत्तर : C. २१** *(सोधिएको : अधिकृत क्याडेट, २०८०।२।११)*

८८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको वर्गीकरणमा नेपालमा हिमाली जिल्लाहरूको संख्या कति छ ?

A. १६ B. १८ C. २१ D. २२

**उत्तर : C. २१** *(सोधिएको : सशस्त्र प्रहरी निरीक्षक, २०७८।९।८)*

८९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पहाडी जिल्ला कुन होइन ?

A. डडेलधुरा B. अछाम C. ओखलढुङ्गा D. रामेछाप

**उत्तर : D. रामेछाप** *(सोधिएको : शाखा अधिकृत, २०८०।३।१६)*

९०. स्थानीय सरकार सञ्चालन ऐन कहिले जारी भएको हो ?

A. वि.सं. २०७२ B. वि.सं. २०७३ C. वि.सं. २०७४ D. वि.सं. २०७५

**उत्तर : C. वि.सं. २०७४** *(सोधिएको : सशस्त्र, प्र.स.नि. २०७८।८।१६)*

९१. तलका मध्ये कुन जोडा सही होइन ?

A. हिमाली-गोरखा B. पहाडी-दाङ C. तराई-बर्दिया D. भित्री मधेश-सिन्धुली

**उत्तर : B. पहाडी-दाङ** *(सोधिएको : ने.विद्युत प्रा.पाँचौ, सुपरभाइजर, २०८०।१।२३)*

९२. नदीका आधारमा नेपाललाई कति प्रदेशमा विभाजन गरिएको छ ?

A. २ B. ३ C. ४ D. ५

**उत्तर : B. ३** *(सोधिएको : रेडियो नेपाल, चौथो प्रा.स. २०७८।९।२७)*

९३. तिला कुन नदीको सहायक नदी हो ?

A. कोशी B. गण्डकी C. कर्णाली D. महाकाली

**उत्तर : C. कर्णाली** *(सोधिएको : खरिदार २०६८, खुला)*

गुरुमन्त्र एकेडेमी

९४. तलका मध्ये सप्तकोशी नदीको सहायक नदी कुन होइन ?

A. अरुण B. तमोर C. लिखु D. मस्र्याङ्दी

**उत्तर : D. मस्र्याङ्दी** *(सोधिएको : CTEVT, सहायक द्वितीय, २०७९।५।२८)*

९५. नेपालको प्रमुख नदी सप्तकोशीको सहायक नदी तल दिइएका मध्ये कुन होइन ?

A. त्रिशुली B. तमोर C. अरूण D. लिखु

**उत्तर : A. त्रिशुली** *(सोधिएको : सुदूरपश्चिम चौथो, २०८०।५।३०)*

९६. कोशी नदीको सबैभन्दा ठुलो सहायक नदी कुन हो ?

A. इन्द्रावती B. तामाकोशी C. सुनकोशी D. अरुण

**उत्तर : D. अरुण** *(सोधिएको : नेपाल खाद्य संस्थान, चौथो, २०७५।९।२२)*

९७. सप्तकोशी नदीको सबैभन्दा सानो सहायक नदी कुन हो ?

A. तमोर B. इन्द्रावती C. लिखु D. दुधकोशी

**उत्तर : C. लिखु** *(सोधिएको : CTEVT, सहायक प्रथम, २०७९।६।१)*

९८. सप्तकोशी नदीको सबैभन्दा सानो सहायक नदी कुन हो ?

A. तामाकोशी B. लिखु C. अरूण D. इन्द्रावती

**उत्तर : B. लिखु** *(सोधिएको : ने.कृषि.अ.प. पाँचौ, लेखापाल, २०८०।८।१७)*

९९. सप्तगण्डकी नदीको सहायक नदीमा तलका मध्ये कुन पर्दैन ?

A. मादी B. त्रिशुली C. लिखु D. दरौंदी

**उत्तर : C. लिखु** *(सोधिएको : सशस्त्र, प्रहरी निरीक्षक, २०८०।१।४)*

१००. गण्डकी नदीको सहायक नदीमा तलका मध्ये कुन पर्दैन ?

A. बुढीगंगा B. मादी C. त्रिशुली D. दरौंदी

**उत्तर : A. बुढीगंगा** *(सोधिएको : अधिकृत क्याडेट, २०८०।२।११)*

१०१. गण्डकी नदीको सबैभन्दा ठूलो सहायक नदी कुन हो ?

A. सेती गण्डकी B. मादी C. त्रिशुली D. काली गण्डकी

**उत्तर : D. काली गण्डकी** *(सोधिएको : नायब सुब्बा, २०७२।११।२२)*

१०२. कर्णाली नदीका सहायक नदीहरूमा तलका मध्ये कुन पर्दैन ?

A. तिला B. सानी भेरी C. सेती नदी D. मादी

**उत्तर : D. मादी** *(सोधिएको : अधिकृत क्याडेट, २०७८।७।२९)*

१०३. तलका मध्ये कर्णाली नदीको सहायक नदी कुन होइन ?

A. हुम्ला कर्णाली B. ठूली भेरी C. तिला D. मादी

**उत्तर : D. मादी** *(सोधिएको : खरिदार आ.प्र. २०७९।८।२५)*

१०४. नेपालमा उष्ण मनसुनी हावापानी कति उचाइमा पाइन्छ ?

A. १००० मिटरसम्म B. ११०० मिटरसम्म C. १२०० मिटरसम्म D. १३०० मिटरसम्म

**उत्तर : C. १२०० मिटरसम्म** *(सोधिएको : कर्मचारी सञ्चय कोष, पाँचौ, २०८०।९।११)*

१०५. लेकाली हावापानी नेपालको कति उचाइमा पाइन्छ ?

A. ३३५० मिटरदेखि ५००० मिटरसम्म B. ३५०० मिटरदेखि ६००० मिटरसम्म

C. ३३०० मिटरदेखि ५००० मिटरसम्म D. ३२५० मिटरदेखि ४५०० मिटरसम्म

**उत्तर : A. ३३५० मिटरदेखि ५००० मिटरसम्म** *(सोधिएको : CTEVT, सहायक प्रथम, २०७९।६।१)*

१०६. कति उचाइको भूभागलाई टुण्ड्रा जलवायु क्षेत्र भनिन्छ ?

A. ४ हजार मिटरदेखि माथि B. ४ हजार ५ सय मिटरदेखि माथि

C. ५ हजार मिटरदेखि माथि D. ६ हजार मिटरदेखि माथि

**उत्तर : C. ५ हजार मिटरदेखि माथि** *(सोधिएको : खरिदार आ.प्र. २०७९।८।२५)*

१०७. १२९० देखि २१०० मिटरसम्मको उचाइमा पाइने हावापानी कुन हो ?

A. लेकाली B. ठण्डा समशितोष्ण C. न्यानो समशितोष्ण D. उष्ण मनसुनी

**उत्तर : C. न्यानो समशितोष्ण** *(सोधिएको : रेडियो नेपाल पाँचौ, २०७८।१२।२२)*

१०८. नेपालमा १२०१ मिटरदेखि २१०० मिटरसम्मको उचाइमा कुन प्रकारको हावापानी पाइन्छ ?

A. उष्ण मनसुनी हावापानी B. ठण्डा समशितोष्ण हावापानी

C. न्यानो समशितोष्ण हावापानी D. लेकाली हावापानी

**उत्तर : C. न्यानो समशितोष्ण हावापानी** *(सोधिएको : शाखा अधिकृत, २०८०।३।१६)*

१०९. नेपालमा १२९० देखि २१०० मिटर उचाइसम्मको भूभागमा कुन प्रकारको हावापानी पाइने गर्दछ ?

A. न्यानो समशितोष्ण हावापानी B. लेकाली हावापानी

C. उष्ण मनसुनी हावापानी D. हिमाली हावापानी

**उत्तर : A. न्यानो समशितोष्ण हावापानी** *(सोधिएको : प्रेस का. ने. पाँचौ, २०८०।३।२७)*

११०. समुद्र सतहको २१०० मिटरदेखि ३३५० मिटर उचाइसम्म नेपालमा कस्तो प्रकारको हावापानी पाइन्छ ?

A. न्यानो समशितोष्ण B. ठण्डा समशितोष्ण C. लेकाली हावापानी D. उष्ण मनसुनी

**उत्तर : B. ठण्डा समशितोष्ण** *(सोधिएको : प्रेस का.ने.चौथो, २०८०।३।२५)*

१११. नेपालमा समुद्र सतहबाट ३३५०-५००० मिटरसम्म कस्तो हावापानी पाइन्छ ?

A. न्यानो समशितोष्ण B. ठण्डा समशितोष्ण C. लेकाली D. ध्रुवीय

**उत्तर : C. लेकाली** *(सोधिएको : नेपाल राष्ट्र बैंक, सहायक द्वितीय, २०७५।११।४)*

११२. उदयपुर तलकामध्ये कुन प्रदेशमा पर्छ ?

A. कोशी प्रदेश B. मधेश प्रदेश C. गण्डकी प्रदेश D. बाग्मती प्रदेश

**उत्तर : A. कोशी प्रदेश** *(सोधिएको : नेपाल खाद्य संस्थान, पाँचौ, २०७५।९।१८)*

११३. सुदूरपश्चिम प्रदेशमा नपर्ने जिल्ला तलका मध्ये कुन हो ?

A. कैलाली B. बझाङ C. दैलेख D. डोटी

**उत्तर : C. दैलेख** *(सोधिएको : ने.वा.नि. पाँचौ (प्रा), २०८०।२।११)*

११४. तलका मध्ये कुन कोशी प्रदेशमा पर्ने जिल्ला हो ?

A. सोलुखुम्बु B. खोटाङ C. उदयपुर D. माथिका सबै

**उत्तर : D. माथिका सबै** *(सोधिएको : नेपाली सेना, सैन्य, २०८०।५।३०)*

११५. क्षेत्रफलको आधारमा नेपालको सबैभन्दा सानो प्रदेश कुन हो ?

A. मधेश B. बागमती C. सुदूरपश्चिम D. लुम्बिनी

**उत्तर : A. मधेश** *(सोधिएको : प्रेस का.ने. पाँचौ, २०८०।३।२७)*

११६. क्षेत्रफलको आधारमा तेस्रो ठूलो जिल्ला कुन हो ?

A. हुम्ला B. ताप्लेजुङ C. गोरखा D. मुगु

**उत्तर : B. ताप्लेजुङ** *(सोधिएको : सशस्त्र प्रहरी निरीक्षक, २०७८।९।८)*

११७. क्षेत्रफलका हिसाबले जिल्लाहरूको क्रमलाई ठूलो देखि सानो क्रममा मिलाउँदा कुन क्रम ठीक छ ?

A. डोल्पा, गोरखा, ताप्लेजुङ, हुम्ला B. डोल्पा, ताप्लेजुङ, गोरखा, हुम्ला

C. डोल्पा, ताप्लेजुङ, हुम्ला, गोरखा D. डोल्पा, हुम्ला, ताप्लेजुङ, गोरखा

**उत्तर : D. डोल्पा, हुम्ला, ताप्लेजुङ, गोरखा** *(सोधिएको : खरिदार २०७४)*

११८. तल दिइएका नेपालका जिल्लाहरूको पूर्वदेखि पश्चिमको क्रम मिलाउनुहोस् ।

क. डोल्पा ख. बझाङ ग. हुम्ला घ. मुगु

A. क, घ, ग, ख B. ख, क, घ, ग C. ख, ग, क, घ D. क, ख, घ, ग

**उत्तर : A. क, घ, ग, ख** *(सोधिएको : स्थानीय तह, अधिकृत छैटौं, २०७६)*

११९. भक्तपुर जिल्लाको क्षेत्रफल कति रहेको छ ?

A. ११६ वर्ग कि.मि. B. ११७ वर्ग कि.मि. C. ११८ वर्ग कि.मि. D. ११९ वर्ग कि.मि.

**उत्तर : D. ११९ वर्ग कि.मि.** *(सोधिएको : अधिकृत क्याडेट, २०७८।७।२९)*

१२०. सुर्खेत, जाजरकोट, सिन्धुली र मोरङ जिल्लाहरू मध्ये नेपालका सबैभन्दा बढी जिल्लाहरूसित सिमाना जोडिएको जिल्ला कुन हो ?

A. सुर्खेत मात्र B. सिन्धुली मात्र C. सुर्खेत र जाजरकोट प्रत्येकले D. सिन्धुली र मोरङ प्रत्येकले

**उत्तर : B. सिन्धुली मात्र** *(सोधिएको : शाखा अधिकृत, २०७०)*

१२१. सबैभन्दा बढी जिल्लासँग सिमाना जोडिएको जिल्ला कुन हो ?

A. सिन्धुली B. काभ्रेपलाञ्चोक C. रसुवा D. सुनसरी

**उत्तर : A. सिन्धुली** *(सोधिएको : ने.वा.नि. पाँचौ (प्रा), २०८०।२।११)*

१२२. मकवानपुर जिल्लासँग सिमाना जोडिएको जिल्ला तलका मध्ये कुन हो ?

A. सिन्धुली B. सर्लाही C. महोत्तरी D. गोरखा

**उत्तर : A. सिन्धुली** *(सोधिएको : खा.व्य. तथा व्या.क.लि. पाँचौ, २०८०।२।२६)*

१२३. उदयपुर जिल्लाको सदरमुकामको नाम के हो ?

A. कटारी B. त्रियुगा C. चौदण्डी D. गाईघाट

**उत्तर : D. गाईघाट** *(सोधिएको : अधिकृत क्याडेट, २०७९।३।२३)*

१२४. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को सदरमुकाम कहाँ हो ?

A. परासी B. बर्दघाट C. कावासोती D. सुस्ता

**उत्तर : C. कावासोती** *(सोधिएको : अधिकृत क्याडेट, २०८०।२।११)*

१२५. नेपालको अछाम र डोल्पा जिल्लाका सदरमुकाम क्रमशः कुन-कुन हुन् ?

A. मार्तडी र गमगढी B. मंगलसेन र दुनै C. चैनपुर र दुनै D. मंगलसेन र सिमकोट

**उत्तर : B. मंगलसेन र दुनै** *(सोधिएको : अधिकृत क्याडेट, २०७९।३।२३)*

१२६. सबैभन्दा बढी उचाइमा रहेको नेपालको जिल्ला सदरमुकाम ........... हो ।

A. दुनै B. मान्मा C. गमगढी D. सिमकोट

**उत्तर : D. सिमकोट** *(सोधिएको : खरिदार २०६९)*

१२७. कुन जिल्लाको सदरमुकाम सबैभन्दा अग्लो स्थानमा रहेको छ ?

A. मनाङ B. हुम्ला C. सोलुखुम्बु D. भोजपुर

**उत्तर : B. हुम्ला** *(सोधिएको : अधिकृत क्याडेट, २०७८।७।२९)*

१२८. नेपालको सबैभन्दा होचो ठाउँमा रहेको जिल्ला सदरमुकाम कुन हो ?

A. वीरगञ्ज B. जलेश्वर C. विराटनगर D. राजविराज

**उत्तर : B. जलेश्वर** *(सोधिएको : औ.क्षे.व्य.लि. चौथो, अ.स.ई. २०७९।९।१२)*

१२९. नेपालको सबैभन्दा कम उचाइमा रहेको जिल्ला सदरमुकाम कुन हो ?

A. भद्रपुर B. गौर C. जलेश्वर D. वीरगञ्ज

**उत्तर : B. गौर** *(सोधिएको : नेपाल आयल निगम, पाँचौ (लेखा), २०७९।१०।२५)*

१३०. सबैभन्दा कम उचाइमा रहेको जिल्ला सदरमुकाम कुन हो ?

A. चन्द्रगढी B. विराटनगर C. सिद्धार्थनगर D. जलेश्वर

**उत्तर : D. जलेश्वर** *(सोधिएको : कृषि वि बैंक लि. पाँचौ, व्यवसाय सहायक, २०८०।१।८)*

१३१. समुद्र सतहबाट नेपालको सबैभन्दा कम उचाइमा रहेको नगरपालिका जलेश्वर नगरपालिका हो भने यसको उचाइ कति रहेको छ?

A. ६० मिटर B. ६१ मिटर C. ६२ मिटर D. ६३ मिटर

**उत्तर : B. ६१ मिटर** *(सोधिएको : कोशी पाँचौ ल्याब टेक्निसियन, २०७९।११।२०)*

१३२. नेपालमा क्षेत्रफलको आधारमा सबैभन्दा साना (सानाबाट क्रमशः ठूला) दुई उपमहानगरपालिकाहरू कुन-कुन हुन् ?

A. नेपालगञ्ज र जनकपुर B. इटहरी र कलैया C. धरान र हेटौँडा D. बुटवल

**उत्तर : A. नेपालगञ्ज र जनकपुर** *(सोधिएको : शाखा अधिकृत, २०७८।४।२३)*

१३४. क्षेत्रफलको आधारमा नेपालको सबैभन्दा सानो नगरपालिका कुन जिल्लामा पर्छ ?

A. भक्तपुर B. मनाङ C. काठमाडौँ D. पर्वत

**उत्तर : A. भक्तपुर** *(सोधिएको : रासस, चौथो, २०७८।११।२८)*

१३५. तल दिइएका नगरपालिकाहरू मध्ये क्षेत्रफलका आधारमा ठूलो देखि सानोसम्मको क्रम मिलाउनुहोस् ?

A. त्रियुगा, कमलामाई, शीतगंगा, आठबीसकोट B. शीतगंगा, कमलामाई, त्रियुगा, आठबीसकोट

C. कमलामाई, आठबीसकोट, शीतगंगा, त्रियुगा D. शीतगंगा, आठबीसकोट, त्रियुगा, कमलामाई

**उत्तर : D. शीतगंगा, आठबीसकोट, त्रियुगा, कमलामाई** *(सोधिएको : कोशी चौथो, २०७९।१।३)*

१३६. नेपालका निम्न शहरहरूको पूर्वदेखि पश्चिमको क्रम कुन ठीक हो ?

A. भद्रपुर, बुटवल, भरतपुर, तौलिहवा B. भरतपुर, भद्रपुर, तौलिहवा, बुटवल

C. भद्रपुर, भरतपुर, बुटवल, तौलिहवा D. भरतपुर, भद्रपुर, बुटवल, तौलिहवा

**उत्तर : C. भद्रपुर, भरतपुर, बुटवल, तौलिहवा** *(सोधिएको : शाखा अधिकृत, २०७१)*

१३७. कृषि उत्पादनका हिसाबले सबैभन्दा उर्वर र उत्पादनशील माटो ........... हो ।

A. पाँगो माटो B. तलैया माटो C. रातो माटो D. बलौटे माटो

**उत्तर : B. तलैया माटो** (सोधिएको : खरिदार २०६९)

१३८. कृषि उत्पादनका हिसाबले सबैभन्दा उर्वर र उत्पादनशील माटो कुन हो ?

A. पाँगो माटो B. रातो फुस्रो माटो C. तलैया माटो D. बलौटे पत्थरिलो माटो

**उत्तर : C. तलैया माटो** *(सोधिएको : खा.व्य. तथा व्या.क.लि. पाँचौ, २०८०।२।२६)*

१३९. नेपालको भित्री मधेशमा कस्तो माटो पाइन्छ ?

A. पाँगो माटो B. हिमाली माटो C. बलौटे पत्थरिलो माटो D. तलैया माटो

**उत्तर : C. बलौटे पत्थरिलो माटो** *(सोधिएको : कर्मचारी सञ्चय कोष, पाँचौ, २०८०।९।११)*

१४०. भीमसेन थापाले निर्धारण गरेको जग्गाको किसिम कुन हो ?

A. अब्बल, दोयम, सिम B. हले, पाटे, कोदाले C. नम्बरी, आबादी, बिर्ता D. ऐलानी, पर्ती, नम्बरी

**उत्तर : B. हले, पाटे, कोदाले** *(सोधिएको : खरिदार, २०७५)*

१४१. राणाकालीन समयमा कुनै सरकारी कर्मचारीले बहादुरीपूर्वक काम गरेमा उसलाई वृत्ति स्वरूप प्रदान गरिने जग्गालाई के भनिन्थ्यो ?

A. रैकर भूमि B. विर्ता भूमि C. किपट भूमि D. गुठी भूमि

**उत्तर : B. विर्ता भूमि** *(सोधिएको : मा.वि. शिक्षक २०७९)*

१४२. समुद्री सतहबाट कति उचाइसम्मको वनलाई समशीतोष्ण पतझर वन भनिन्छ ?

A. समुद्री सतहबाट १२०० मिटर उचाइसम्म B. १२०० मिटर – २१०० मिटर उचाइसम्म

C. २१०० मिटर – ३३५० मिटर उचाइसम्म D. ३३५० मिटर – ५००० मिटर उचाइसम्म

**उत्तर : B. १२०० मिटर – २१०० मिटर उचाइसम्म** *(सोधिएको : ज.उ. तथा प्र.क.लि. चौथो, २०८०।२।२३)*

१४३. समुद्री सतहको १२०१ मिटरदेखि २१०० मिटर उचाइसम्म पाइने वन/वनस्पतिलाई के भनिन्छ ?

A. उष्ण प्रदेशीय सदावहार वन B. कोणधारी वन

C. समशीतोष्ण पतझर वन D. समशीतोष्ण सदावहार वन

**उत्तर : C. समशीतोष्ण पतझर वन** *(सोधिएको : शहिद गंगालाल रा.ह.के. पाँचौ, २०७९।६।३)*

१४४. नेपालको १२०० मिटरदेखि २१०० मिटरसम्मको उचाइमा पाइने जङ्गललाई के नामले चिनिन्छ ?

A. समशीतोष्ण पतझर जङ्गल B. समशीतोष्ण सदावहार कोणधारी जङ्गल

C. उष्ण प्रदेशीय सदावहार जङ्गल D. अल्पाइन घाँसे जङ्गल

**उत्तर : A. समशीतोष्ण पतझर जङ्गल** *(सोधिएको : प्रा.वि. शिक्षक २०८०)*

१४५. तलका मध्ये कुन वन वा वनस्पति समशीतोष्ण सदावहार कोणधारी जंगलमा पाइन्छ ?

A. तालिस पत्रको वन B. उत्तिसको वन C. सालको वन D. लेक पीपलको वन

**उत्तर : A. तालिस पत्रको वन** *(सोधिएको : नायब सुब्बा, २०७२/११/२२)*

१४६. नेपालमा धुपी सल्लाको वन (Juniperus Walichiana Forest) कति उचाइमा पाइन्छ ?

A. १२०० मि. सम्म B. १२०१ मि. देखि २१०० मि. सम्म

C. १२०१ मि. देखि ३३५० मि. सम्म D. ३३५१ मि. देखि ५००० मि. सम्म

**उत्तर : C. १२०१ मि. देखि ३३५० मि. सम्म** *(सोधिएको : खरिदार आ.प्र. २०७९/९/२९)*

१४७. लेकाली वन (Alpine Vegetation) तलका मध्ये कति उचाइमा पाइन्छ ?

A. १२०० देखि २१०० मिटरसम्म B. २१०० देखि ३३०० मिटरसम्म

C. ३३०० देखि ५००० मिटरसम्म D. ५००० मिटर भन्दा माथि

**उत्तर : C. ३३०० देखि ५००० मिटरसम्म** *(सोधिएको : कोशी पाँचौ, २०८०/३/१६)*

१४८. हिमाली क्षेत्रको टुन्ड्रा वनमा तलका मध्ये कुन वनस्पति पाइँदैन ?

A. काई B. लेउ C. झ्याउ D. बुकी

**उत्तर : D. बुकी** *(सोधिएको : ज.उ. तथा प्र.क.लि. चौथो, २०८०/२/२३)*

१४९. नेपालमा टुण्ड्रा वनस्पति कति उचाइमा पाइन्छ ?

A. ५००० मिटरमाथि B. ५५०० मिटरमाथि C. ६००० मिटरमाथि D. ६५०० मिटरमाथि

**उत्तर : A. ५००० मिटरमाथि** *(सोधिएको : कर्मचारी सञ्चय कोष, पाँचौ, २०८०/९/११)*

१५०. हाल नेपालमा कति प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ ?

A. ४२.७४ % B. ४३.७४ % C. ४४.७४ % D. ४५.७४ %

**उत्तर : C. ४४.७४ %** *(सोधिएको : कोशी चौथो, २०७९/१/३)*

१५१. नेपालमा हाल कति प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ ?

A. ३४.५ B. २९.८ C. ४०.४ D. ३८.५

**उत्तर : C. ४०.४** *(सोधिएको : अधिकृत क्याडेट, २०७९/३/२३)*

१५२. नेपालको कूल क्षेत्रफलको कति प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ ?

A. ३९.७४ B. ४०.७४ C. ४२.७४ D. ४४.७४

**उत्तर : D. ४४.७४** *(सोधिएको : प्रेस का.ने. चौथो, २०८०/३/२५)*

१५३. क्षेत्रफलको हिसाबमा सबैभन्दा धेरै वन क्षेत्र कुन प्रदेशमा छ ?

A. कर्णाली B. लुम्बिनी C. मधेश D. बागमती

**उत्तर : A. कर्णाली**

१५४. नेपालको कूल वनक्षेत्र मध्ये सबैभन्दा धेरै वनक्षेत्र कुन प्रदेशमा रहेको छ ?

A. लुम्बिनी B. गण्डकी C. कर्णाली D. सुदूरपश्चिम

**उत्तर : C. कर्णाली** *(सोधिएको : लुम्बिनी, सहायक म.वि.नि. २०८०।२।१५)*

१५५. कर्णाली प्रदेशको कुल क्षेत्रफलको कति प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ ?

A. ३६.४४ B. ३७.४४ C. ३८.४४ D. ३९.४४

**उत्तर : B. ३७.४४** *(सोधिएको : कर्णाली, वन रक्षक, २०८०।९।२१)*

१५६. सुदूरपश्चिम प्रदेशको कूल भू-भागको तुलनामा वन क्षेत्र कति प्रतिशत रहेको छ ?

A. ४२.२९ B. ५३.७४ C. ५८.६६ D. ५९.३३

**उत्तर : C. ५८.६६** *(सोधिएको : सुदूरपश्चिम पाँचौ, २०७९।११।२७)*

१५७. नेपालको कुन ठाउँमा क्रमशः तामा, सुन, फलाम र कोइला पाइन्छ ?

A. कुलेखानी, कालीगण्डकी, फुलचोकी, चितवन B. कुलेखानी, फुलचोकी, कालीगण्डकी, चितवन

C. कालीगण्डकी, फुलचोकी, कुलेखानी, चितवन D. कालीगण्डकी, फुलचोकी, चितवन, कुलेखानी

**उत्तर : A. कुलेखानी, कालीगण्डकी, फुलचोकी, चितवन** *(सोधिएको : खरिदार २०६९)*

१५८. नेपालको कुन ठाउँमा क्रमशः तामा, सुन, फलाम र कोइला पाइन्छ ?

A. कुलेखानी, कालीगण्डकी, फुलचोकी, चितवन B. कुलेखानी, कालीगण्डकी, प्युठान, पाल्पा

C. चोभार, कालीगण्डकी, सल्यान, प्युठान D. फुलचोकी, कालीगण्डकी, चितवन, कुलेखानी

**उत्तर : A. कुलेखानी, कालीगण्डकी, फुलचोकी, चितवन** *(सोधिएको : शाखा अधिकृत, २०७१)*

१५९. गेरु खनिज पदार्थ नेपालको कुन जिल्लामा पाइन्छ ?

A. भोजपुर B. काभ्रे C. सिन्धुपाल्चोक D. दाङ

**उत्तर : C. सिन्धुपाल्चोक** *(सोधिएको : अधिकृत क्याडेट, २०७८।७।२९)*

१६०. 'गेरु' को लागि नेपालको प्रसिद्ध स्थान तलका मध्ये कुन हो ?

A. चौतारा B. गणेश हिमाल C. सल्यान D. फुलचोकी

**उत्तर : A. चौतारा** *(सोधिएको : नेपाल टेलिकम, चौथो, टेक्निसियन, २०८०।४।१६)*

१६१. तलका मध्ये कुन जिल्लामा तामा खनिज सम्पदा पाइन्छ ?

A. रसुवा B. धनकुटा C. म्याग्दी D. सल्यान

**उत्तर : D. सल्यान** *(सोधिएको : रेडियो नेपाल, पाँचौ, २०७९।१२।२२)*

१६२. नेपालमा पेट्रोलियम पदार्थको बढी सम्भावना भएको जिल्ला तलका मध्ये कुन हो ?

A. दैलेख B. ओखलढुङ्गा C. अछाम D. दार्चुला

**उत्तर : A. दैलेख** *(सोधिएको : ने.वा.नि. चौथो, २०७६।२।११)*

१६३. नेपालमा पेट्रोलियम खनिजका लागि सम्भावना एकिन गरिएको जिल्ला कुन हो ?

A. प्युठान B. चितवन C. दाङ D. भक्तपुर

**उत्तर : C. दाङ** *(सोधिएको : अधिकृत क्याडेट, २०७८।७।२९)*

१६४. नेपालमा प्राकृतिक ग्याँसको खानीको धेरै सम्भावना रहेको क्षेत्र तलका मध्ये कुन होइन ?

A. काठमाडौँ उपत्यका B. तराईको विस्तृत भूभाग C. मुस्ताङ क्षेत्र D. महाभारत पर्वत

**उत्तर : D. महाभारत पर्वत** *(सोधिएको : CTEVT, सहायक द्वितीय, २०७९।५।२८)*

१६५. नेपालमा सोडा खानी कुन ठाउँमा पाइने सम्भावना छ ?

A. भोजपुर, उदयपुर B. गोरखा, लमजुङ C. गुल्मी, मुस्ताड D. सल्यान, डोटी

**उत्तर : D. सल्यान, डोटी** *(सोधिएको : सुदूरपश्चिम चौथो, २०८०।५।३०)*

१६६. नेपालको तलकामध्ये कुन ठाउँमा नून खानी रहेको छ ?

A. बन्दीपुर, तनहुँ B. बराहक्षेत्र, सुनसरी C. थाकखोला, मुस्ताड D. चित्लाङ, मकवानपुर

**उत्तर : C. थाकखोला, मुस्ताड** *(सोधिएको : नेपाल खाद्य संस्थान, चौथो, २०७५।१।२२)*

१६७. नेपालको कुन ठाउँमा सिधेनुन, बिरेनुन पाइन्छ ?

A. रसुवा, स्याफ्रुबेसी B. गणेश हिमाल C. गोदावरी, ललितपुर D. कालीगण्डकी नदीको किनार

**उत्तर : A. रसुवा, स्याफ्रुबेसी** *(सोधिएको : CTEVT, अधिकृत तृतीय (प्रा), २०७९।५।३०)*

१६८. तल दिइएका मध्ये कुन जिल्ला सिधेनुनको लागि प्रख्यात छ ?

A. गोरखा B. रसुवा C. सिन्धुपाल्चोक D. नुवाकोट

**उत्तर : B. रसुवा** *(सोधिएको : खरिदार आ.प्र. २०८०।८।२६)*

१६९. मालिकार्जुन सिसा खानी कुन जिल्लामा रहेको छ ?

A. डोटी B. डडेलधुरा C. अछाम D. दार्चुला

**उत्तर : D. दार्चुला** *(सोधिएको : बागमती पाँचौ, २०७९।११।२७)*

१७०. नेपालमा सबैभन्दा बढी उत्खनन् भएको खनिज कुन हो ?

A. फलाम B. कोइला C. चुनढुङ्गा D. ग्यास

**उत्तर : C. चुनढुङ्गा** *(सोधिएको : स्थानीय तह, चौथो, २०७६)*

१७१. नेपालमा सबैभन्दा बढी उपयोग गरिएको खनिज पदार्थ कुन हो ?

A. चुनढुङ्गा B. खरिढुङ्गा C. खभ्रख D. तामा

**उत्तर : A. चुनढुङ्गा** *(सोधिएको : सुदूरपश्चिम पाँचौ, २०७९।११।२७)*

१७२. गुप्तेश्वर महादेवको गुफा कहाँ रहेको छ ?

A. पर्वत B. तनहुँ C. दाङ D. गोर्खा

**उत्तर : A. पर्वत** *(सोधिएको : खरिदार, २०७५)*

१७३. पाताल भूमेश्वर गुफा कुन जिल्लामा रहेको छ ?

A. बैतडी B. दार्चुला C. बझाङ D. डडेलधुरा

**उत्तर : A. बैतडी** *(सोधिएको : खरिदार २०७४)*

१७४. अन्ध गल्छी कुन जिल्लामा पर्दछ ?

A. मुस्ताङ B. म्याग्दी C. डोल्पा D. सोलुखुम्बु

**उत्तर : B. म्याग्दी** *(सोधिएको : रासस, पाँचौ, २०७८।११।२०)*

१७५. संसारकै सबैभन्दा गहिरो खोच मानिने कालीगण्डकी खोच कुन दुई हिमालबीचमा रहेको छ ?

A. माछापुच्छ्रे र धौलागिरी B. अन्नपूर्ण र माछापुच्छ्रे C. अन्नपूर्ण र धौलागिरी D. अन्नपूर्ण र मनास्लु

**उत्तर : C. अन्नपूर्ण र धौलागिरी** *(सोधिएको : सशस्त्र प्र.स.नि. २०७८।८।१६)*

१७६. कालीगण्डकी पर्ने विश्वकै सबैभन्दा गहिरो गल्छीको गहिराइ कति रहेको छ ?

A. ५६६७ मि. B. ६९६७ मि. C. ७९६७ मि. D. ४६६७ मि.

**उत्तर : B. ६९६७ मि.** *(सोधिएको : गण्डकी चौथो, २०७८।१०।८)*

१७७. अरुण उपत्यका कुन जिल्लामा पर्दछ ?

A. ताप्लेजुङ B. तेह्रथुम C. धनकुटा D. संखुवासभा

**उत्तर : D. संखुवासभा** *(सोधिएको : शहिद गंगालाल रा.ह.के. पाँचौ, २०७९।६।३)*

१७८. काठमाडौँ उपत्यकाको चार भञ्ज्याङहरूमा पूर्वको भञ्ज्याङ कुन हो ?

A. चन्द्रगिरी भञ्ज्याङ B. पाटी भञ्ज्याङ C. वाण भञ्ज्याङ D. साँगा भञ्ज्याङ

**उत्तर : D. साँगा भञ्ज्याङ** *(सोधिएको : शिक्षा प्रा.स. २०७९)*

१७९. 'उम्बेक' भञ्ज्याङ कुन जिल्लामा पर्दछ ?

A. ताप्लेजुङ B. संखुवासभा C. गोरखा D. दार्चुला

**उत्तर : A. ताप्लेजुङ** *(सोधिएको : ने.कृषि.अ.प. सहायक पाँचौ २०८०।८।१६)*

१८०. चाङ्ला भञ्ज्याङ कुन जिल्लामा पर्दछ ?

A. डोल्पा B. हुम्ला C. जुम्ला D. संखुवासभा

**उत्तर : B. हुम्ला** *(सोधिएको : कोशी चौथो, आ.प्र. २०७९।५।३१)*

१८१. लुगुला भञ्ज्याङ कहाँ पर्छ ?

A. रसुवा B. डोल्पा C. सोलुखुम्बु D. मनाङ

**उत्तर : D. मनाङ** *(सोधिएको : ने.वा.नि. चौथो, २०७५।११।१९)*

१८२. टिंकर भञ्ज्याङ कुन जिल्लामा पर्दछ ?

A. दार्चुला B. ताप्लेजुङ C. हुम्ला D. डोल्पा

**उत्तर : A. दार्चुला** *(सोधिएको : सशस्त्र प्रहरी निरीक्षक, २०७८।९।८)*

१८३. टिंकर भञ्ज्याङ कुन जिल्लामा पर्दछ ?

A. बैतडी B. बझाङ C. डडेलधुरा D. दार्चुला

**उत्तर : D. दार्चुला** *(सोधिएको : कृषि वि.बैं.लि. पाँचौ, व्यवसाय सहायक, २०८०।१।८)*

१८४. तलका मध्ये अमिल्दो जोडा कुन चाहिं हो ?

A. यारी-हुम्ला B. कोरला-मनाङ C. टिमुरे-रसुवा D. टिंकर-दार्चुला

**उत्तर : B. कोरला-मनाङ** *(सोधिएको : मधेश पाँचौ, २०८०।८।१६)*

१८५. नेपालको सबैभन्दा उच्च स्थानमा रहेको 'थोराङ पास' मार्ग कुन जिल्लामा पर्दछ ?

A. मुस्ताङ B. मनाङ C. दार्चुला D. रसुवा

**उत्तर : B. मनाङ** *(सोधिएको : कोशी चौथो, आ.प्र. २०७९।५।३१)*

**समाप्त**

**सफलताको शुभकामना**

गुरुमन्त्र एकेडेमी
सफलताको एक मात्र मन्त्र